लघुकथा

# मितव्ययीता

- कृष्ण बजगाई

आफ्नो मान्छे माथि भएपछि योग्यता नपुगे पनि राजनैतिक नियुक्ति पाउनु भो नेताजीले हाकिमको । पहिलो दिन कार्यालय लुखुर-लुखुर हिंडेर पुग्नु भयो । आफ्नो अफिस कोठा देखेर एकछिन् त दंग पर्नुभयो ।

एकैछिन्मा त्यस कार्यलयका कर्मचारी विचमा खासखुस चल्यो। त्यसको कारण बेलैमा थाहापाउनु भो । र हुनुसम्मको आफ्नो बेइज्जती भएको महसुस गर्नुभो । कारण थियो उहाँले लगाउनु भएको कोट-पेन्टको कपडा र सोफाको खोल एकै कपडाको परेछ । आत्तिदै झ्यालको पर्दा तिर हेर्नुभो कतै कमिजसँग त मिल्दैन ? अलिक ढुक्क हुनुभयो । त्यो अर्कै रहेछ ।

चचाचुमा (चम्चागिरी, चाकडी र चुक्लि) सिपालु एक कर्मचारीले तुरुन्त सोफाको खोल निकाली हाकिमको बाँकी इज्जत जोगाई दिए ।

मातहतका कर्मचारीहरुलाई निर्देशन दिनुभयो - “छिटो, छरितो, ईमान्दार, स्वच्छ, पारदर्शी र मितव्ययीरुपमा कार्यालयमा कामकाज गर्नुहोला ।”

भोलिपल्टदेखि कार्यालयमा मितव्ययीताको लहर सुरु भयो । पानीको फिल्टरको ठाउँमा माटाको गाग्री राखियो । कार्यालयमा बिजुलीबाट चल्ने पंखा बन्द गराएर हातैले हम्किनु पर्ने आदेश जारी भयो ।

आसचपु(आर्थीक सहायता चन्दा पुरस्कार) बितरण र अतिथिसत्कारको बाढि आयो कार्यलयमा।

खरिद-बिकी, टेण्डर स्वीकृति र बजेट रकमान्तर जस्ता कार्यलाई कुनै नीति नियम चाहिएन। कार्यालयमा आवश्यक पर्ने सामाग्री माग गरेभन्दा थोरै स्वीकृत हुने र आवश्यकै नपर्ने सामाग्रीको खरिद अच्चकाली बढेर गयो । कार्यालयका राम्रा सामान हाकिमको क्वार्टर हुँदैं अन्ततः क्वार्टरबाट सबै सामान स्यालको सींग हराए झैं हराउँदै गए।

क्वार्टर नधाउने, सीधासाधा र काममै व्यस्त कर्मचारीहरुलाई बिरोधी देख्न थाल्नु भयो । कार्यालयको काममा भन्दा हाकिमसाव्को क्वार्टरमा ओभर टाइम गर्नेहरुको भीड लाग्नथाल्यो । र चचाचुका सँख्या पनि बृद्धी हुनथाल्यो ।

आजकल एकपछि अर्को गर्दै साँझ विहान पर्दा र सोफाको खोलका कपडाका नयाँ-नयाँ सेम्पल लिएर कर्मचारीहरु उँहाको क्वार्टरमा धाउन थालेकाछन् । सेम्पलका कपडा ती कर्मचारीहरुका दिनहुँ लगाउने कपडाका दुरुस्त नमुना हुन् जो स्वच्छ, ईमान्दर, छरिता र आफ्ना काममा दक्ष छन् ।

बेल्जियम